नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# धुलिखेल नगरपालिका कार्यालय

काभ्रेपलाञ्चोक

# आ.व. २०७१।७२ को

# बार्षिक समीक्षा प्रतिबेदन

**(Annual Municipal Review Report)**

# ६ असोज,२०७२

## १) पृष्ठभूमि

नेपाल सरकारले स्थानीय स्तरमा विकास निर्माण कार्य लगायत अन्य विभिन्न कार्यक्रम तथा योजनाहरु संचालन गर्नका लागि स्थानीय निकायहरुको व्यवस्था गरिएको छ । स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) ले आ-आफ्नो क्षेत्र भित्रका बासिन्दाहरुको मागलाई समेत ध्यानमा राखी बजेट, नीति, योजना तथा कार्यक्रमहरु तर्जुमा गरि स्थानीय स्वायत शासन ऐन २०५५, स्थानीय स्वायत शासन नियमावली २०५६, स्थानिय निकाय (आ.प्र) नियमावली २०६४, सुशासन ऐन २०६३, नियमाबली २०६४ एबं नेपाल सरकारबाट बिभिन्न समयमा भएको परिपत्र समेत को आधारमा समिक्षा गर्न पर्ने ब्यबस्था छ ।

यसै सन्दर्भमा स्थानीय स्वायत शासन ऐन २०५५ तथा सम्बन्धित नियमाबलीले निर्दिष्ट गरेका उदेश्य तथा क्षेत्रगत आधारलाई स्थानीय निकायबाट सेबा प्रबाह गर्ने, बिकेन्द्रीकरणको आधारमा बिकासका कार्यहरु लाई प्राथमिकता दिइ नगरलाई ब्यबस्थित गर्ने कार्य नगरपालिकाबाट गरिने ब्यबस्था छ । नियमित रुपमा सम्पादन गरेका कार्यहरुको समिक्षाबाट भाबी दिनहरुमा गर्ने कार्यको लाई निर्देशित गर्न सहयोग पुग्ने अभिप्रायले यस न.पाले गत आ.बको बार्षिक समिक्षा गरिएको हो ।

## २) उद्देश्य

- गत आ.वको बार्षिक समिक्षा कार्यक्षेत्रको आधारमा कार्यप्रगतिको रुपमा नगरपालिकाबाट सम्पादन भएका कार्यहरुको अवस्था झल्काउनु ।
- नगरपालिकाले सम्पादन गरेका कार्यहरु सरोकारवाला समक्ष पुऱ्याई आवश्यक पृष्ठपोषण लिन ।

## ३) कार्यक्रम संचालन स्थान र मिति

समीक्षा कार्यक्रम २०७२ असोज ६ गते वुधवार दिनको ११.०० बजेबाट न.पा सभा कक्षमा संचालन भएको थियो ।

### ४) सहभागीहरु

सो समिक्षा कार्यक्रममा सर्वदलिय संयन्त्रका प्रतिनिधिहरु, सामाजिक संघ संस्थाका प्रतिनिधिहरु, नागरिक समाज एवम् पत्रकारहरु, सरकारी संस्थाका प्रतिनिधिहरु,उद्योग वाणिज्य संघ , नागरिक सचेतना केन्द्रका सदस्यहरु, वडा नागरिक मञ्चका सदस्यहरु तथा उपभोक्ता समितिका प्रतिनिधिहरु न.पा. कर्मचारी सहित ७८ जनाको सहभागिता रहेको थियो । सहभागीहरुको विवरण अनुसुचि १ मा संलग्न गरिएको छ ।

### ५)कार्यक्रम संचालन प्रकृया

धुलिखेल नगरपालिकाका प्रमख एवं कार्यकारी अधिकृत श्री मिनाक्षी भूर्तेल ज्यूको अध्यक्षतामा धुलिखेल क्षेत्र नं ४ सबिंधान सभा सदस्य को प्रमुख अतिथि विदुर सापकोटा, काभ्रेपलाञ्चोक जिल्ला विकास समितिका योजना अनुगमन तथा प्रशासकिय अधिकृत सन्तोष पोखरेल, बिषेश अथिति नेपाल नगरपालिका संघका उपाध्यक्ष अशोक व्याञ्जु अथिति रहेको उक्त बार्षिक समिक्षा कार्यक्रम लाई दुई सत्रमा विभाजन गरि संचालन गरिएको थियो । पहिलो सत्रमा नगरपालिकाका सामाजिक शाखा प्रमुख श्री श्रीविक्रम व्याँजुले सहभागीहरुलाई स्वागत गर्नुभएको थियो भने नगरपालिकाले गत आ.ब मा भए गरेका कार्यहरुका बार्षिक समिक्षा कार्यक्रमहरु सवै शाखाका शाखा प्रमुखहरुले आ-आफ्नो शाखाको प्रस्तुती,शाखालाई परेको समस्या र समस्या समाधानका उपायहरु प्रस्तुत गर्नु भएको थियो । प्रमुख अथिति, विशेष अथिति, अथिति, राजनिति दलका प्रतिनिधि समेतले कार्यक्रमको सफलता एबं शुभकामना ब्यक्त गर्नु भएको थियो । प्रस्तुतीकरण गरिएका विवरणहरु अनुसुचि २ मा संलग्न गरिएको छ ।

दोश्रो सत्रमा सहभागीहरुका न.पा द्धारा गत आ.ब मा भए गरेका कार्यहरुका बार्षिक समिक्षाको सर्न्दभमा आ-आफ्नो राय सल्लाह, सुझाब,गुनासोका लागि खुल्ला छलफल तथा अन्तरक्रिया गरिएको थियो । सहभागीहरुले दिएका रचनात्मक राय सुझाव, जिज्ञाशा, गुनासोहरु अनुसुचि ३ मा संलग्न गरिएको छ । कार्यक्रममा सेवाग्राही नागरिकहरु तथा अन्य सहभागीहरुले उठाएका फोहरमैला व्यवस्थापन कार्यक्रम, योजना छनौट तथा कार्यान्वयको अवस्था, नक्शा पास सम्वन्धी, अनियमित निर्माण सम्वन्धी कार्यका बारेमा उठेका प्रश्नहरुका सम्वन्धमा उठेका विषय बस्तुहरुको बारेमा नगरपालिकाका शहरी शासन विज्ञ अमित श्रेष्ठले टिपोट गर्नु भएको थियो । अन्तमा उठेका विषय बस्तुहरुको बारेमा धुलिखेल नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत मिनाक्षी भूर्तेलले स्पस्ट पार्दै सम्पूर्ण सहभागीहरुवाट प्राप्त रचनात्मक

सुझावलाई ग्रहण गरी जिम्मेवारीताको प्रतिवद्धता समेत व्यक्त गर्दै समग्र जिज्ञाशा तथा प्रश्नहरुका सम्वन्धमा प्रकाश पारी कार्यक्रममा सहभागी सम्पुर्ण महानुभावहरुलाई धन्यवाद दिंदै आगामी दिनमा पनि रचनात्मक सुझाव,सहयोग तथा सहकार्यको अपेक्षा गर्दे कार्यक्रम विसर्जन गर्नु भएको थियो ।

**६) अपेक्षित उपलब्धीहरु**

क) बिकास निर्माणका कार्यक्रमहरु समयमा नै संचालन गर्न सहयोग पुग्ने ।

ख) गत आ.ब मा समेटन नसकिएका तर महत्वपुर्ण योजनाहरुलाई आगामी बर्षमा समेटन सहज पुग्ने ।

ग) संचालन गरिने योजनाहरुमा समयमै जनसहभागिता जुटने ।

घ) नगरपालिकाबाट संचालित बिकास कार्यक्रम उपलब्ध सेबा, बस्तु, सुबिधा सार्बजनिक गर्ने ।

ङ) सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराउनु ।

च) नगरपालिकाबाट संचालित बिकास कार्यक्रम, उपलब्ध सेबा, सुबिधा बस्तुमा नगरबासीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउनु

छ) नागरिक समाज र सर्बसाधारण लाई न.पा को काम कारबाहीको सुचनामा अभिबृद्धी सहयोग पुग्ने ।

# अनुसुची १

## कार्यक्रममा सहभागीहरुका जिज्ञाशा तथा सुझावहरु

१. अशोक व्याँजु, नगरपालिका संघ,उपाध्यक्ष

- नगरपालिकाको कार्यप्रगति गत आ.व भन्दा राम्रो ।
- जनताको अपेक्षा एवं आवश्यकतालाई ध्यान दिई कार्ययोजना वनाईनुपर्ने ।
- समस्याको पहिचान मख्य ।
- गरिएको काम पारदर्शी तथा गुणस्तरीय हुनुपर्ने ।
- धुलिखेललाई सवैले आ-आफ्नो ठाँउवाट योगदान गरेर अगाडी वढ्नुपर्ने ।
- नगरको बिकासका लागी नगरबासीहरु जागरुक भई आ आफनो क्षेत्रमा भए गरेका कामको अपनत्व महसुस गरी नगरपालिकालाई आबश्यक मद्दत गर्नु पर्ने ।

२. जितकृष्ण धिनाङ्गजु , अध्यक्ष नेपाली कांग्रेस, धुलिखेल

- कार्यक्रम राम्रो छ , प्रगती सन्तोषजनक लाग्यो ।
- यस्तो कार्याक्रमबाट नगरबासीमा न.पा बाट संचालित कार्याक्रमको जानकारी प्राप्त हुन्छ
- राजनितिक दलाका प्रतिनिधिहरुले एक आपसमा मिलेर न.पाको आन्तरिक आम्दानी वृद्दि गर्ने तर्फ अगाडी बढनुपर्ने ।

३. पृथ्वी थापा, पार्टी प्रतिनिधि, एमाओवादी, धुलिखेल

- कार्यक्रम राम्रो छ , प्रगती सन्तोषजनक लाग्यो ।
- सफलता महत्वपूर्ण तर परिपूर्णता पनि हुनुपर्ने
- दिर्घकालिन कार्ययोजना वनाईनुपर्ने
- समाजले पनि नगरपालिकाको कामको अपनत्व लिनुपर्ने
- प्रसस्त अनुगमनको आवश्यकता

४. ऋषिराम दुलाल, पार्टी प्रतिनिधि, नेमकिपा, धुलिखेल

- समयमा अनुगमनको आवश्यकता
- धुलिखेल नगरपालिकाको शाखामा जनशक्ति अभाव पूर्ति गरिनुपर्ने

५. निर्मला कुमारी यगोल श्रेष्ठ, संयोजक, वडा नागरिक मञ्च ४, धुलिखेल

- कार्यक्रम राम्रो छ , प्रगती सन्तोषजनक लाग्यो ।
- नगरपालिकाको श्रोत साधन वढाउन जोड दिईनुपर्ने
- योजना प्रभावकारी वनाउनुपने
- योजना अनुगमन प्रभावकारी वनाईनुपर्ने
- महिला लक्षित कार्यक्रम प्रभावकारी वनाईनुपर्ने
- सामाजिक भेदभाव न्युनीकरणमा जोड दिईनुपर्ने

# अनुसुची २ – बार्षिक समीक्षा कार्यक्रमको उपस्थिति तथा निर्णय पुस्तिका

# अनुसूची ३

## विभिन्न शाखा प्रमुखज्यूहरुबाट प्रस्तुत बार्षिक प्रगति विवरण

# अनुसुची ४
# फोटोग्राफहरु

१. कार्यकारी अधिकृत श्री मिनाक्षी भूर्तेलाज्यू बार्षिक समीक्षामा सहभागीहरुको प्रश्नको उत्तर दिनुहुदै



२. बार्षिक समीक्षा गोष्ठीका सहभागीहरु

